नगर सन्देश
नगर सन्देश वा:पौ (साप्ताहिक) कीर्तिपुर नगरपालिकाको बुलेटिन
वर्ष १ ● अङ्क ४० ● ने.सं. ११४० गुंलागा १३ (त्रयोदशि) ● वि.सं. २०७७ भदौ १ गते, सोमबार ● 2020 August 17, Monday ● पृष्ठ ८

**अनलाइन संस्करण**

# कीर्तिपुरमा आजदेखि सार्वजनिक यातायात नचल्ने

## ● बजार बिहान ४ घण्टामात्र खोल्ने



कीर्तिपुर लगायत काठमाडौंका विभिन्न स्थानहरूमा कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमितहरूको सङ्ख्या बढेसँगै यसलाई समुदायमा फैलिन नदिनका लागि कीर्तिपुर नगरपालिकाले आज भदौ १ गते देखि सार्वजनिक यातायात बन्द गर्ने निर्णय गरेको छ।

हिजो साउन ३२ गते कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन, उप-प्रमुख सरस्वती खड्कालगायत वडा अध्यक्षहरू, कीर्तिपुर बजार व्यवास्थापन समिति र स्थानीय संघसंस्थाहरूको संयुक्त बैठक बसी सो निर्णय गरेको हो।

कीर्तिपुर नगरपालिका, जनचेतना तथा लकडाउन अनुशासन अनुगमन समितिको आयोजनमा कीर्तिपुर नगरपालिकाको नयाँ भवन, अमल्सिमा भएको सो बैठकले दिन प्रति दिन बढ्दै गइरहेको कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमणलाई न्यूनीकरण


(बाँकी ३ पेजमा)

## पेशाकर्मीहरूको खुला चौतारी कार्यक्रमद्वारा कोभिड-१९ रोकथाम सम्बन्धी सुझावहरू सङ्कलन



कीर्तिपुर नगरपालिकाद्वारा सञ्चालित पेशाकर्मीहरूको खुला चौतारी कार्यक्रमद्वारा कोभिड-१९ रोकथाम सम्बन्धी सुझावहरू सङ्कलन गरिएको छ। प्रत्येक मङ्गलबार बिहान ७:३० बजे देखि ८:३० बजेसम्म जूम सफ्टवेयरमार्फत सञ्चालन हुने यस कार्यक्रममा गत मङ्गलबार आयोजित कार्यक्रममा सुझाव सङ्कलन गर्न प्राप्त सुझावहरूका आधारमा गत बुधवार नै यस्तो सुझाव सङ्कलन गरिएको हो।

कीर्तिपुर लगायत काठमाडौंका विभिन्न स्थानहरूमा कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमितहरूको सङ्ख्या बढेसँगै यसलाई समुदायमा फैलिन नदिनका लागि के कस्ता कार्यहरू गर्नु पर्छ र गर्न सकिन्छ भन्ने विषयमा नगरका विभिन्न क्लव संस्थाहरूबीच अन्तरक्रिया भएको थियो। सोही कार्यक्रममा नगरभित्र सक्रिय क्लव संस्थाहरूलाई अझ सक्रिय बनाई आ-आफ्नै स्थानमा भूमिका निभाउन उत्प्रेरित गर्नुपर्ने सुझावहरू आएका थिए। उक्त सुझावरूलाई तुरुन्तै कार्यान्वयन हुने गरी बुधबार नै नगरभित्रका २५ भन्दा बढी क्लव, संघसंस्थाहरूबीच भौतिक दूरी कायम गरी सुझाव सङ्कलन गर्ने कार्य भएको हो।



किपू नगबयाग्लिक
कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाण्डौं।
३ न प्रदेश नेपाल।

पत्र संख्या:
च.नं.:

मिति: ..........

२०७७।०४।२६

**कीर्तिपुर नगरपालिकाको अत्यन्त जरुरी**

**सूचना**

हाल दिनानुदिन कोरोना सङ्क्रमणको प्रकोप बढेको घटनाहरु देखा परेको बेहोरा सम्पूर्ण नगरवासीहरुमा सर्वविदितै छ। सो रोगबाट हुने सङ्क्रमण रोकथाम नियन्त्रण गर्ने अभिप्रायबाट उपत्यकाका ३ वटै जिल्ला प्रशासन कार्यालयबाट मिति २०७७।०४।२३ गतेको सूचना र उपत्यका नगरपालिका फोरमको बैठकबाट अत्यावश्यक सेवा बाहेक अन्य कार्यहरु मिति २०७७।०५।०९ गतेसम्म स्थगित गरेको हुँदा यस नगरपालिकाबाट सम्पादन हुने कोरोना रोगको सङ्क्रमण रोकथाम र नियन्त्रण लगायत अत्यावश्यक कार्यहरु बाहेक अन्य सेवा हाललाई मिति २०७७।०४।२७ गतेदेखि मिति २०७७।०५।०९ गतेसम्मका लागि स्थगित भएको सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

..........
सरस्वती खड्का
उप-प्रमुख एवं प्रवक्ता
[redacted]

## सम्पादकीय

# निकट आउँदै गरेको सङ्कटबाट बचौं बचाऔं

सन् २०१९ को अन्त्यतिर मित्र राष्ट्र चीनको वुहान शहरबाट उद्गम भई विश्वव्यापी भएको कोरोना भाइरस (कोभिड-१९) ले आज विश्वव्यापी महामारी लिएको छ। आज पनि अपवाद्मा बाहेकका देशहरूलाई छोड्ने हो भने हरेक देशमा दैनिकजसो सङ्क्रमण बढ्दै छ। आज बिहानसम्म संसारमा २ करोड १८ लाख २६ हजार ७६९ जना यसबाट सङ्क्रमित भइसकेका छन् भने ७ लाख ७३ हजार ७५ जनाको यसैको कारण मृत्यु भइसकेको छ। हालसम्म १ करोड ४५ लाख ६४ हजार ४४५ जना निको भइसकेको कुरा विश्व स्वास्थ्य सङ्ठनको तथ्याङ्कले देखाउँदछ। त्यस्तै नेपालमा हेर्ने हो भने २६ हजार ६६० जना यसबाट सङ्क्रमित भइसकेका छन् भने यसकै कारण १०४ जनाले ज्यान गुमाइसकेका छन्। यो मानवीय क्षति बाहेक आर्थिक क्षतिको तथ्याङ्क पनि विकराल नै छ।

विभिन्न उतारचढाव बीच नेपाल सरकारले लकडाउन अन्त्यको घोषणा गरेसँगै यसको सङ्क्रमणको दर देशव्यापी रुपमा बढेको छ। हाम्रै शहर कीर्तिपुरमा समेत दिन प्रतिदिन सङ्क्रमित हुनेको सङ्ख्या बढ्दो छ। यस प्रकार भयावह रुपमा सङ्क्रमण र मृत्यु दर बढ्नुमा सरकारी संयन्त्रको मात्र कमजोरी नभई हामी नागरिकको समेत लापरवाही देखिएको छ। त्यसैले आसन्न सङ्कटबाट जोगिन स्वयं सचेत र सतर्क रही सुरक्षित रहन जरुरी छ। हामी कहीं कतै जाँदा सधैं भेटघाट भएकै मान्छे त हौँ नि भनी मास्क लगाउँदैन, दूरी कायम गर्दैनौं। नगएपनि हुने ठाउँमा जान्छौं। नगरे पनि हुने काम समेत बेपर्वाह भई गर्छौं। हात धुन वा स्यानिटाइजर प्रयोग गर्न अल्छि गर्छौं। फलतः ती मध्ये कुनै एकमा कोरोना भाइरस छ भने सबैमा सार्छौं।

त्यतिमात्र होइन, समाज इष्टमित्र, साथीभाइ बीचमा आफ्नो पहुँच माथिसम्म छ भनी देखाउन विभिन्न सरकारी निकाय (पालिका, जिल्ला प्रशासन कार्यालय, गृह मन्त्रालय आदि) बाट सवारी पास बनाएर आवश्यकता नपरे पनि कामको बहानामा घुमफिर गर्छौं। फलतः जानी नजानी कोरोना भाइरसको बाकह बनिदिन्छौं। यस्ता उदाहरण हजारौंको सङ्ख्यामा हाम्रो समाजमा छन्। त्यस्तै चाडपर्वको नाममा भेटघाट गर्न हामीले छाडेका छैनौं। मूल ढोका बन्द गरेर जस्केलाबाट मान्छे भित्र्याएर होटल, रेष्टुरेण्ट चलाउन छाडेका छैनौं। नगरपालिकाले जात्रा पर्व भिडभाड गरी नमनाउन अनुरोध गरेपनि मनाउन छाडेका छैनौं। अतः नगर सन्देश परिवार निकट भविष्यमा देखिएको सङ्कटबाट बच्न सरकारबाट जारी सूचना तथा अनुरोध पालन गरी सतर्क र सुरक्षित भई आफू, परिवार र समाजको सुरक्षामा योगदान दिन कीर्तिपुरमा बसोबास गर्ने सम्पूर्ण जनसमुदायमा हार्दिक अपिल गर्दछ।

# नेपालमा कोरोना सङ्क्रमण अर्थतन्त्र र अवसर – २

**केदार बुढाथोकी**

कोरोना माहामारीका कारण विश्व आर्थिक गतिविधिमा सुस्ततासँगै विदेशबाट फर्कने युवालाई स्वदेशमा रोजगारीको सृजना गर्नु पर्ने, बन्द उद्योग कलकारखाना, व्यापार व्यवसायलाई पुनः सञ्चालन गरी अर्थतन्त्रलाई सुचारु गर्नु पर्ने, पर्यटन व्यवसायीलाई सामाजिक दूरी र सुरक्षा अपनाइ पुनः सहुलियत तथा सुविधा दिई व्यवसाय सञ्चालन गरी अर्थतन्त्रलाई सुचारु गर्नु पर्ने देखिन्छ। विदेशबाट आएकाहरूलाई आफ्नो योग्यता र विदेशमा सिकेका सीप अनुसारको पेशा व्यवसाय गर्न अभिप्रेरित गर्ने, बाँझो जग्गामा समेत आधुनिक खेति प्रणाली अगाडि बढाउने रोजगारीमूलक कार्यक्रम सञ्चालन गर्ने, स्थानीय पूर्वाधार निर्माण कार्यमा बेरोजगार जनशक्तिको प्रयोगमा जोड दिने र नेपाल सरकारले सञ्चालन गरेको प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतका कार्यक्रमहरूलाई प्रभावकारी कार्यान्वयन गर्न जोड दिने जस्ता कृयाकलापहरूले हामीले रोजगारी, उद्यमशीलताको विकास, आधुनिक कृषि, पर्यटन प्रवर्द्धन तथा स्वदेशी तथा विदेशी ज्ञान र सीपको प्रयोग जस्ता कारणले कोरोना सङ्क्रमणबाट उत्पन्न अर्थतन्त्रको नकारात्मक प्रभावलाई जित्न सक्दछौं।

कोरोनाले पारेको प्रभाव र भविष्यमा उत्पन्न हुन सक्ने विषम परिस्थितिलाई जित्नका लागि सरोकारवाला सबैको एकिकृत प्रयास आवश्यक देखिन्छ। समस्याबाट आत्तिने र भाग्नु भन्दा समस्या आउनै नदिनु र आए पश्चात पनि जिम्मेवार, अनुशासित संयमित तथा मर्यादित ढङ्गबाट समाधानतर्फ अगाडि बढ्नु पर्ने हुन्छ। हामीले हाम्रो व्यवहार र आर्थिक कृयाकलापलाई अनुशासित ढङ्गबाट अगाडि बढाउनु पर्दछ। सरकार आफ्ना जनता प्रति जिम्मेवार र उत्तरदायी हुनुको विकल्पै छैन। जनता र प्रभावित सबै उद्योगी व्यवसायी लगायतलाई विशेष आर्थिक प्याकेजमार्फत सम्बोधन गरी व्यापार व्यवसायलाई पुनर्जीवन दिन सक्ने कार्यक्रम सञ्चालन गर्नु पर्दछ भने सम्बन्धित सबै सरोकारवालाहरू सहयोगी हुनु अनिवार्य हुन्छ। यसले बढ्दो बेरोजगारी र आर्थिक अस्तव्यस्ततालाई जित्नका लागि सहयोगी सिद्ध हुन्छ।

तसर्थ कोरोना सङ्क्रमणबाट पार्ने प्रभावबाट आत्तिनुभन्दा पनि त्यस्ता प्रभावलाई न्यूनीकरण गर्दै देशको समग्र अर्थतन्त्रलाई अनुशासित ढङ्गबाट अगाडि बढाई देशलाई समृद्धितर्फ उन्मुख बनाउने एउटा सुवर्ण अवसरका रुपमा पनि लिनु पर्ने हुन्छ। जसले गर्दा हामीले कोरोना सङ्क्रमणबाट उत्पन्न भएका समस्या र भविष्यमा उत्पन्न हुन सक्ने परिस्थितिलाई समाधान उन्मुख बनाउन सक्छौं। यसका लागि सबै जनता स्थानीय सरकार हुँदै केन्द्रीय सरकार र उद्योगी व्यवसायी व्यापारी पर्यटन व्यवसायीलगायत सबै सरोकारवालाहरूको एकीकृत प्रयास अनिवार्य देखिन्छ।

***समाप्त***

*(लेखक कीर्तिपुर नगरपालिकाका रोजगार संयोजक हुन्।)*

## मेरो धारणा



**कोरोना सङ्क्रमणबाट पार्ने प्रभावबाट आत्तिनुभन्दा पनि त्यस्ता प्रभावलाई न्यूनिकरण गर्दै देशको समग्र अर्थतन्त्रलाई अनुशासित ढङ्गबाट अगाडि बढाइ देशलाई समृद्धितर्फ उन्मुख बनाउने एउटा सुवर्ण अवसरका रुपमा पनि लिनु पर्ने हुन्छ। जसले गर्दा हामीले कोरोना सङ्क्रमणबाट उत्पन्न भएका समस्या र भविष्यमा उत्पन्न हुन सक्ने परिस्थितिलाई समाधान उन्मुख बनाउन सक्छौं।**

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# कीनपाले स्थापना गरेको क्वारेन्टिन अब आइसोलेसन कक्ष






कीर्तिपुर नगरपालिकाले त्रिभुवन विश्वविद्यालय परिसरमा स्थापना गरेको क्वारेन्टिन अब आइसोलेसन कक्ष भएको छ। काठमाडौं लगायत देशका विभिन्न स्थानमा कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमितहरूको सङ्ख्या बढ्दै गएपछि सङ्क्रमतिहरूलाई राख्ने ठाउँको अभावमा कीर्तिपुर नगरपालिकाले बनाएको क्वारेन्टिनलाई नेपाल सरकारले नगरपालिकासँगको समन्वयमा आइसोलसन कक्ष बनाएको हो।

हाल उक्त आइसोलसनमा १६९ जना र त्यसको ठीक अगाडिपट्टी रहेको नेपाल आयुर्वेदिक अनुसन्धान केन्द्रमा २० जना गरी जम्मा १८९ जना कोरोना सङ्क्रमितहरूलाई राखिरहेको छ।

कीर्तिपुर नगरपालिकाका उप-प्रमुख सरस्वती खड्काले गत साउन २८ गते बुधबार उक्त आइसोलेसनको अनुगमन गर्नुभएको थियो। उप-प्रमुख खड्कासँग कीर्तिपुर नगरपालिका वडा नं. ६ का सदस्य सुनिल डंगोल पनि सम्मिलित हुनुहुन्थ्यो। उक्त अनुगमन पश्चात सो क्षेत्र रहेको ताहाँल्चा (भःख्यःतं) देखि लेबोरेटोरी स्कूलसम्मको बाटो प्रयोग नगर्न कीर्तिपुर नगरपालिकाले अनुरोध गरेको छ। त्यस बाटो भएर जाँदा कोरोना सङ्क्रमण हुने खतरा भएकोले त्यसको सट्टा वैकल्पिक रुपमा त्रिभुवन विश्वविद्यालय भित्रको (उपकूलपतिको कार्यालय भएर जाने) बाटो प्रयोग गर्न बाटोको दुबैतर्फ साईनबोर्ड राखेर सम्पूर्ण नगरबासीहरूलाई अनुरोध गरेको हो।

## कीर्तिपुरमा आजदेखि . . .

एवं नियन्त्रण गर्न हाल लाई यही भदौ ९ गते सम्मका लागि यो निर्णय गरेको जनाएको छ। बैठकले सार्वजनिक यातायातका साथै सम्पूर्ण पसल बजार (औषधि पसल बाहेक) पनि बिहान ७ बजे देखि ११ बजे सम्म मात्र खोल्ने निर्णय गरेको छ। त्यसैगरी कीर्तिपुर प्रवेश गर्ने नाकाहरूमा कीर्तिपुर क्षेत्रभित्र कडाइका साथ बेलुकी ९ बजे देखि बिहान ५ बजेसम्म अत्यावश्यक काम बाहेक हिँडडुल, आवतजावत बन्द गर्ने र जनचेतनामूलक कार्यक्रममार्फत कोरोना सम्बन्धमा जनसमुदायबीच पर्चा, स्टिकर बाड्ने र माइकिङ्ग गर्ने निर्णय भएको जनाएको छ।

यसै सन्दर्भमा कीर्तिपुर नगरपालिकामा पनि लकडाउन भन्ने समाचारहरू आइरहेकोले कीर्तिपुर नगरपालिकाले कीर्तिपुरमा लकडाउन नै नगरेको र हाल त्यस्तो कुनै पनि सूचना प्रकाशित नगरेको जनाएको छ।

नेपाल सरकारले जे निर्णय गरेको छ, सोही अनुरुप गर्न गराउन पनि कीर्तिपुर नगरपालिकाले समस्त नगरबासीहरूलाई स्पष्ट पार्दै कोरोना महामारीका बेला सचेत र सतर्क हुन पनि अनुरोध गरेको छ।

## कीर्तिपुर नगरपालिका

**कोरोना भाइरस (COVID-19) को महामारीमा राहत वितरण गर्न सहयोगका लागि अपिल !!!**

**बैंकको नाम**

**राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखा**

**खाताको नाम**

**कीर्तिपुर नगरपालिका आकस्मिक कोष**

**खाता नं.**

**१७०००३०७०२०००२**

# ज्या मदुपित ३ नं. वडां ज्या बिल



किपू नगरपालिका ३ नं. वडां ज्या मदुपिं व आर्थिक अवस्था बःमलाःपिं तःकेहैंपिंत ज्या बी कथं वडाया थीथी थासय् थीथी ज्याभ्वःत याकावयाच्वंगु दु। थ्वहे भ्वलय् वंगु साउन ३० गते शुक्रवाः वडाया ११ म्ह तःकेहैंपिंत समल टोलया मूलँया जःखः सुचुपिचु याकूगु दु। लँय् यक्व हे घाँय्घिंत बुयावया फोहोर जुयाच्वंगुलिं सुचुपिचु याकूगु खः। आः व थायूत सुचुपिचु खनेदु। वडां थजाःगु ज्या त मद्दिक्क याना वनेगु वडाया मिसा दुजः लिसें कार्यपालिका दुजः नन्ददेवी महर्जनं धयादीगु दु।

अथेहे किपू नगरपालिका वडा नं. ९, नगांया छपिचा टोलय् नं सुचुपिचु याःगु दु। सकलें टोलबासीत मिलेजुयाः थःगु थासय् दुगु घाँय्घिंत वां छ्वयाः सुचुपिचु याःगु खः।




## सहकारी संस्था एकीकरणका लागि सरोकारवालाहरूलाई सूचना

सहकारी सदस्य केन्द्रीत, सदस्य निर्देशित एवं समुदायमा आधारित सहकार्यात्मक परिपाटी हो। व्यक्तिहरूको आवश्यकताले संस्थाको र संस्थाहरूको आवश्यकताले संघहरूको जन्मलाई आधार प्रदान गर्ने हुँदा सहकारी संस्थाको यति नै सङ्ख्या हुनुपर्छ भनी यकीन गर्न कठीन छ। तथापि सङ्ख्यात्मक बढोत्तरीले मात्र सहकारी क्षेत्रको विश्वसनियता र उपस्थितिको सार्थकता पुष्टि गर्न नसक्ने कुरा भने पुष्टि भइसकेको छ। सानो कार्यक्षेत्रमा थोरै सदस्यको बीचमा सीमित शेयर पूँजी, न्यून बचत र कमजोर ऋण प्रदानको क्षमता सहित स्थापना भएका सहकारी संस्थाको कार्य सम्पादन प्रभावकारी र सन्तोषप्रद हुन सक्दैन। तसर्थ संघ/संस्थाको कार्य प्रभावकारीताका लागि सहकारी संस्थाहरू बीच एकीकरण गर्न जरुरी देखिन्छ। अतः कीर्तिपुर नगरपालिका सहकारी ऐन, २०७४ को दफा ६५ मा व्यवस्था भए बमोजिम दुई वा दुई भन्दा बढी संस्थाहरू बीच सम्बन्धित संस्थाको साधारण सभाको दुई तिहाई बहुमतबाट निर्णय गरी एकीकरण गर्न सकिने स्पष्ट कानुनी व्यवस्था छ। त्यसरी एकीकरण गरेमा सम्बद्ध संस्था र समग्र सहकारी अभियानका देहायको उद्देश्य पूरा हुन सक्छ। :-

• सबल र सक्षम संस्था निर्माण हुने • संस्थालाई पूँजी, भौतिक तथा मानवीय संशाधनद्वारा सक्षम र आत्मनिर्भर बनाउन सकिने • संस्थाको दिगो विकास र स्वायित्व कायम हुने • सदस्यहरूलाई प्रदान गर्ने सेवाको गुणात्मकता तथा परिमाणात्मकतामा बृद्धि हुने • एक व्यक्ति एक सहकारीको परिपाटी स्थापनामा सहयोग पुग्ने • सञ्चालन खर्चमा कटौती भई उत्पादन क्षेत्रमा लगानी बृद्धि हुने • संस्था आधुनिक प्रविधिले सम्पन्न हुने एवं व्यवसायिकीकरण तर्फ उन्मुख हुने • सहकारी क्षेत्रमा देखिएका विकृतिहरूमा सुधार हुने।

**<u>एकीकरण गर्न सकिने सहकारी संस्थाहरूः</u>**

• कीर्तिपुर नगरपालिका भित्रका वा कार्य क्षेत्र जोडिएका एक भन्दा बढी सहकारी संस्थाहरू • फरक जिल्ला भए पनि कार्यक्षेत्र जोडिएका संस्थाहरू • सञ्चालन लागत घटाएर सदस्यहरूलाई बढी लाभ वितरण गर्न चाहने संस्थाहरू।

तसर्थ, उल्लेखित उद्देश्यहरू पूरा गर्न सहकारी संस्थाहरूबीच एकीकरणको लागि आ-आफ्नो साधारणसभाको दुई तिहाई बहुमतबाट निर्णय गरी पूर्व स्वीकृतिका लागि यस कार्यालयमा निवेदन दिन एवं निर्धारित प्रक्रिया पुर्‍याई एकीकरण गरी सबल, सक्षम, सशक्त, व्यवसायिक तथा गुणात्मक संस्था निर्माणको अभियानमा लाग्न सरोकारवाला सबैलाई हार्दिक अनुरोध सहित यो सूचना गरिन्छ।

**कीर्तिपुर नगर कार्यपालिकाको कार्यालय**
सहकारी शाखा, कीर्तिपुर, फोन नं. ०१ ५९००३६७
kirtipurmun.coop@gmail.com http://www.kirtipurmun.gov.np

# द्य:ध्वाखा व नगमय् सिमा पित






किपू नगरपालिकां नगरयात खाद्य सतक (Food Road) व हरित सतक (Green Road) दयेकेगु अवधारणा कथं नगरया थीथी थासय् सि (फलफूल) मा पीगु ज्या जुयाच्वंगु दु । थ्वहे झ्वलय् थौं भदौ १ गते किपूया आराध्यदेव श्री श्री श्री बाघभैरव जात्रालिसें अन्तर्राष्ट्रिय युवा दिवसया लसताय् किपू नगरपालिका वडा नं. २ द्यःध्वाखाय् च्वंगु आईपिसि चिल्ड्रेन पार्कय् थीथी जातया सिमा पीगु ज्या जूगु दु ।

किपू नगरपालिकाया प्रमुख रमेश महर्जनया मूपाहाँसुइ जूगु सिमा पीगु ज्याझ्वलय् प्रमुख महर्जनलिसें उप-प्रमुख सरस्वती खड्का, वडा नं. १ या अध्यक्ष हर्ष महर्जन, २ या अध्यक्ष रमेशमान डंगोल, ३ या अध्यक्ष राजेन्द्र महर्जन, ९ या अध्यक्ष गंगाराम महर्जन, १० या अध्यक्ष अमन महर्जन व वडा दुजःत, संघसंस्था, मिसा पुचः, स्थानीयबासीपिंसं सिमा प्यूगु खः। अमली तेजपात, नासपाती, आमासि, ख्वःसिं व कुनबुँ यानां निसः व नीमा सिमा प्यूगु खः । व सिमात फुक्कं जिल्ला डिबिजन वन ज्याकूपाखें ग्वहालि वःगु खः ।

अथेहे वंगु साउन २७ गते मङ्गलबार किपू नगरपालिका वडा नं. ९, नगांया तःफालँय् नं थीथी स्वांमा त प्यूगु दु । किपूया नमूनाया रुपय् दयेकाच्वंगु थ्यंमथ्यं ६० फुटया तःफालँया जवंखवं गुलमोहर व करवीरयानां ४० मा स्वांमा प्यूगु खः । थ्व स्वांमा ब्वयेबहःगु धाःगु दु ।

*"कोरोना महामारीपाखें म्वाये व म्वाके"*

## किपू नगरपालिकाया इनाप

- ☞ म्वायेकं म्वायेकं छें पिहाँ मवये ।
- ☞ नियमित व अनिवार्य रुपं मास्क तये ।
- ☞ म्हमस्यूपिं मनूतलिसे छुं नं कथंया व्यवहार मयाये ।
- ☞ नियमित साबुं लखं ल्हाः सिले, गुणस्तरीय सेनिटाइजर छ्यले ।
- ☞ हूलमूल मयाये व हूलमूलय् नं मवने ।
- ☞ तापाक च्वना हे व्यवहार याये ।
- ☞ नियमित रुपं चि लखं कथु कुल्ला याये ।
- ☞ शंकास्पद मनूतयूत भीथाय् (समुदायय्) दुत महये ।
- ☞ कोरोनाया शंका वनेवं म्होति नं बाःछितक छेँय् क्वारेन्टिनय् च्वने ।
- ☞ कोरोनाया लक्षण खने दयेसातकि उद्ग्रिमय लिक्क च्वंगु स्वास्थ्य संस्थाय् स्वापू तये ।

**किपू नगरपालिका**
**नगर कार्यपालिकाया ज्याकू**
**द्य:ध्वाखा, किपू**

किपू नगरपालिका
कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाण्डौं ।
३ नं. प्रदेश, नेपाल ।

पत्र संख्या: ०७७/०७८
च.नं. ९१

मिति : २०७७/०४/२३

**कीर्तिपुर नगरपालिका शिक्षा शाखाको रेडियो शिक्षा कार्यक्रम सम्बन्धमा अनुरोध**

आफ्ना हजारी बालबालिकाहरुको शिक्षण सिकाई सहजीकरणका लागि कीर्तिपुर नगरपालिकाद्वारा निर्माण गरीअनक मिडिया-नेवाः एफ.एम.१०६.६ मार्फत प्रसारित रेडियो शिक्षा कार्यक्रम मिति २०७७असार २१ गुरु पूर्णिमा देखि आरम्भ भई२०७७श्रावण २३ सम्म सफलतापूर्वक सञ्चालन भएको व्यहोरा सबैमा अवगतनै छ । रेडियो मार्फत प्रत्यक्ष बाहेक पुनः प्रशारण र नगरपालिका शिक्षा शाखाको फेसबुक पेज तथा यूट्युबमा समेत उपलब्ध भएको कारण हजारौं विद्यार्थीले सुनेको र राम्रो पृष्ठपोषण समेत प्राप्त भएको छ ।

हालसम्ममा देशमा कोभिड-१९ कोरोना भाईरसका कारण गरिएको बन्दाबन्दी (लकडाउन) आंशिक रुपमा खुलिसकेको भएतापनि परिस्थिति अझ सहज नभईसकेको बरु संक्रमित संख्या बढिरहेको अवस्थामा यसको महत्व र आवश्यकता अझ टड्कारो देखिएको छ । तसर्थ यस पवित्र कार्यमा प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने, सहजीकरण कक्षामा सहभागी हुनुहुने सबै शिक्षकवर्गमा यस शाखा हार्दिक धन्यवाद समेत ज्ञापन गर्दै आगामी २०७७ श्रावण २५ गते आइतवारका दिन देखि दोश्रो चरणको कार्यक्रम देहाय बमोजिम सञ्चालन हुने व्यहोरा सबैको जानकारीका लागि अनुरोध छ ।


**कीर्तिपुर नगरपालिकाद्वारा निर्मित तथा अनक मिडिया नेवाः एफ.एम. १०६.६ बाट प्रसारण हुने रेडियो शिक्षा कार्यक्रम**

**प्रसारण समय : हरेक दिन विहान ७:३० देखि ९ बजे सम्म**

| कक्षा | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहीबार | शुक्रबार |
|---|---|---|---|---|---|---|
| ८ | नेपाली<br>शान्ता अधिकारी | अंग्रेजी<br>सुमित्रा महर्जन | गणित<br>प्रकाश अधिकारी | विज्ञान<br>लोचन भट्टराई | सामाजिक<br>मन्दिरा खड्का | नेपाली, गणित, विज्ञान, अंग्रेजी, सामाजिक आदि विषय सुधार गर्ने तरीका छलफल(विषय विज्ञ तथा अन्यसंग) |
| ९ | नेपाली<br>राजेश पुर्कोटी | अंग्रेजी<br>लिलाधर अधिकारी | गणित<br>राजेन्द्र पौडेल | विज्ञान<br>अंशु मानन्धर | सामाजिक<br>नारायण खतिवडा | |
| १० | नेपाली<br>केदार प्र.भण्डारी | अंग्रेजी<br>खेमनाथ सिटौला | गणित<br>हरि बहादुर थापा | विज्ञान<br>डम्बर पनेरु | सामाजिक<br>मीन ब. सिंह | |

विगतमा जस्तै विद्यार्थीवर्ग समक्ष रेडियो शिक्षा कार्यक्रम पुऱ्याउन प्रचार प्रसार कार्यमा सहयोग गरिदिनुहुन सबै प्रधानाध्यापकवर्ग, शिक्षकवर्ग, विद्यालय व्यवस्थापन समितिहरु, अभिभावकवर्ग तथा जनप्रतिनिधी एवं कर्मचारीवर्गहरुमा यस शाखा हार्दिक अनुरोध गर्दछ ।

कीर्तिपुर नगरपालिका
शिक्षा शाखा
सम्पर्क नं : ४-३३३०२६



**जय बाघभैरव** : ऐतिहासिक र साँस्कृतिक महत्त्वको कीर्तिपुरको बाघभैरव मन्दिर। प्रत्येक वर्ष भाद्र सङ्क्रान्तिका दिन जात्रा गर्नुपर्ने यस कीर्तिपुरको बाघभैरव हालको विषम परिस्थिति (कोभिड-१९) का कारण आज हुनु पर्ने जात्रा व्यवस्थापन समितिले सूचना जारी गरी स्थगित गरेको जनाएको छ। *तस्बिर : ज्ञानकुमार महर्जन*

# कीनपा वडा नं. ६ को प्रशासकीय भवनको पहिलो तल्ला ढलान सम्पन्न

कीर्तिपुर नगरपालिका वडा नं. ६ को प्रशासकीय निर्माणाधीन वडा भवनको पहिलो तल्लाको ढलान सम्पन्न भएको छ। गत साउन २९ गते बिहिबार कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन, उप-प्रमुख सरस्वती खड्काले उक्त ढलान गरेकोको निरीक्षण गर्नुभएको थियो। निरीक्षणका क्रममा वडा नं. ६ का अध्यक्ष न्हुच्छे बहादुर महर्जन र सदस्य उत्तम नेपाल पनि सहभागी हुनुभएको थियो।



उक्त भवन गत जेठ १७ गते शनिबार काठमाडौ जिल्ला समन्वय समितिका सभापति शिव सुन्दर वैद्य, काठमाडौ जिल्ला समन्वय समितिका उप-सभापति सरिता दाहाल,कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन र उप-प्रमुख सरस्वती खड्का र वडा नम्बर ६ का वडा अध्यक्ष न्हुच्छे बहादुर महर्जनले संयुक्त रुपमा शिलान्यास गर्नुभएको थियो।

# सफाइकर्मीहरू जोखिममा रहेकोले सरसफाइमा ध्यान दिनुपर्ने



विश्वभरी महामारी कोरोना भाइरस (कोभिड १९) फैलिएको अवस्थामा नेपालमा पनि सङ्क्रमित देखिएको र केही सङ्ख्यामा मृत्यु समेत भएको हुँदा कीर्तिपुर नगरपालिकामा सोको न्यूनीकरण तथा रोकथामका लागि गत साउन २५ गते कीर्तिपुर नगरपालिकाको सभाकक्षमा कीर्तिपुर नगरपालिकाको फोहोरमैला व्यवस्थापन तथा सरसफाइ समितिका संयोजक एवं वडा नं १ का अध्यक्ष हर्ष महर्जनको अध्यक्षतामा एक छलफल कार्यक्रम भएको छ।

फोहोरमैलामा कार्यरत सफाइकर्मीहरू अझ थप जोखिममा रहेको कारण व्यक्तिगत सरसफाइ र कीर्तिपुर नगरपालिका क्षेत्र भित्रको फोहोरमैला व्यवस्थापन, समस्या र वर्तमान अवस्था बारे बैठक छलफल भएको थियो। उक्त बैठकमा समितिका सदस्यहरू, स्वास्थ्य शाखा प्रमुख, सामाजिक शाखा प्रमुख, वातावरण, फोहोरमैला व्यवस्थापन तथा सरसफाइ उपशाखा प्रमुख, फोहोरमैला व्यवस्थापन तथा सङ्कलनमा संलग्न चार निजी संस्थाहरूका प्रतिनिधिहरू र असल छिमेकी नेपालका प्रतिनिधिहरू सहभागी भएका थिए।

कोभिड-१९ को जोखिमपूर्ण परिस्थितिमा नगरबासीहरूमा फोहोरमैला सङ्कलनमा ध्यान दिनु पर्ने विषयमा चेतनामूलक सूचना दिने, हाल भईरहेका फोहोरमैला व्यवस्थापनको नियमित अनुगमन गर्ने, व्यक्तिगत सुरक्षा तथा सरसफाइका लागि कीर्तिपुर नगरपालिका, फोहोरमैला व्यवस्थापनमा संलग्न चार संस्थाहरू र वर्ल्ड भिजन/असल छिमेकी नेपालको संयुक्त लागतमा फोहोरमैला प्रशोधन केन्द्रमा स्नान गृह सहितको शौचालय निर्माण गर्न सिफारिस गर्ने निर्णयहरू गरिएको बताइएको छ।

---

कीर्तिपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाण्डौ। ३ न. प्रदेश, नेपाल।

पत्र सङ्ख्या:

च.न.

२०७७/०४/२८

मिति:

**कीर्तिपुर नगरपालिकाको अनुरोध :**

हाल विश्व व्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) नेपालमा पनि समुदाय स्तरमा केही संक्रमित व्यक्तिहरु देखा परेको हुँदा फोहोरमैला व्यवस्थापन तथा संकलन गर्ने र फोहोरमैला सेवा ग्राही दुई वटै पक्षले आफ्नो स्वास्थ्यलाई ख्याल गर्दै सेवा दिनेले नियमित रुपमा व्यक्तिगत सरसफाई तथा सुरक्षा सामग्री (पिपिई, गमबुट, के.एन ९५ मास्क, रवरको पन्जा, हेलमेट आदि) प्रयोग गरी सेवा दिनुहुन र सेवा लिने नगरबासीहरुले फोहोर संकलकहरुलाई फोहोर दिन जाँदा कुनै बोरा वा झोलामा फोहोर पोको पारेर मात्र दिनुहुन सम्पूर्ण नगरबासीहरुमा हार्दिक अनुरोध गरिन्छ ।

"आफू पनि बाचौं र अरुलाई पनि बचाऔं !"

---

*"कोरोना महामारीबाट बचौं र बचाऔं"*

## कीर्तिपुर नगरपालिकाको अपिल

- अनावश्यक रुपमा घरबाट बाहिर ननिस्कौं।
- नियमित र अनिवार्य मास्क लगाऔं।
- अपरिचित व्यक्तिसँग लेनदेन/व्यवहार नगरौं।
- नियमित साबुन पानीले हात धोऔं, सेनिटाइजर प्रयोग गरौं।
- भिडभाड नगरौं र भिडभाडमा नजाऔं।
- भौतिक दूरी कायम गरी व्यवहार गरौं।
- नियमित रुपमा नुनपानीले कुल्ला गरौं।
- शंकास्पद व्यक्तिहरूलाई समुदायमा प्रवेश नगराऔं।
- कोरोनाको शङ्का लागेमा कम्तिमा २ हप्ता होम क्वारेन्टिनमा बसौं।
- कोरोनाको लक्षण देखा परेमा नजिकको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं।

**कीर्तिपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**देवढोका, कीर्तिपुर**

# कीर्तिपुरका रेष्टुरेण्टहरूमा अनुगमन


कीर्तिपुर लगायत काठमाडौंका विभिन्न स्थानहरूमा कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमितहरूको सङ्ख्या बढेसँगै यसलाई समुदायमा फैलिन नदिन र विपद्का बेला विभिन्न कार्य गर्न एक समिति गठन गरेको छ। कीर्तिपुर नगरपालिकाद्वारा गठीत समितिको संयोजकमा कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन रहनुभएको छ भने सदस्यहरूमा नगर उप-प्रमुख सरस्वती खड्का, १ नं. वडा अध्यक्ष हर्ष महर्जन, २ नं. वडा अध्यक्ष रमेशमान डंगोल, ३ नं. वडा अध्यक्ष राजेन्द्र महर्जन, ४ नं. वडा अध्यक्ष राजेन्द्र वानियाँ, ९ नं. वडा अध्यक्ष गंगाराम महर्जन र १० नं. वडा अध्यक्ष अमन महर्जनलगायत महानगरीय प्रहरी वृत्त कीर्तिपुरका इन्चार्ज डिएसपि रुकेस तण्डुकार, नयाँबजार क्लवका अध्यक्ष ईश्वरमुनि वज्राचार्य, बजार व्यवस्थापन समितिका अध्यक्ष बुद्धिमान महर्जन रहेका छन्।



उक्त समितिले भिडभाड हुने स्थानमा सो नगर्न विभिन्न कामहरू गरेका छन्। तत्कालै कीर्तिपुरमा सञ्चालित विभिन्न रेष्टुरेण्टहरू अनुगमन गरी त्यस रेष्टुरेण्टमा ग्राहकहरूलाई नराख्ने बरु खानेकुराहरू प्याकिङ्ग गरी घरघरमै पुऱ्याउन सकिने सुझाव समेत दिएका छन्। रेष्टुरेण्ट अगाडि डोरी तानी भौतिक दूरी कायम गर्न, सानिटाइजर प्रयोग गर्न पनि समितिले सुझाव दिएका छन्।

## कीनपाद्वारा उद्धार गरिएका चित्रकारको निधन

कीर्तिपुर नगरपालिकाका उप-प्रमुख सरस्वती खड्काको पहलमा कीर्तिपुर नगर पालिकाद्वारा उद्धार गरी कीर्तिपुर अस्पताल, देवढोकामा भर्ना गरी उपचार गरिएका कीर्तिपुर नगरपालिका वडा नं. ४, दोबाटेपसल निवासी अन्दाजी ६५ वर्षीय बाबुलाल चित्रकारको हिजो साउन ३२ गते बिहान दुःखद् निधन भएको छ। एक छोरा र एक छोरीका पिता उनी लामो समयदेखि विरामी परी ओछ्यानमै थला परेको जानकारी पाएपछि उप-प्रमुख खड्का आफै अग्रसर भई उनको उद्धार गरिएको थियो।




कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● **Facebook** : facebook.com/kirtipurmun ● **Facebook** : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com